अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाडेश्वरी, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# संवत् २०८० साल जेठ ३० गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको समीक्षा | यस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८० साल बैशाख २७ गतेको बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने र निर्णयहरुको पूर्ण कार्यान्वयन भई शत प्रतिशत प्रगती भएको हुँदा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको। |
| २. | प्रशासन शाखा | गाँउसभाको १६ औँ अधिवेशन आव्हानको लागि सिफारिस सम्बन्धी पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने र गाउँसभाको १६ औँ अधिवेशनको बैठक संवत २०८० साल असार ५ गते मंगलबार विहान ११:०० बजे बस्ने गरी बोलाउन निर्देशन दिने। |
| ३. | प्रशासन शाखा | आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६७ बमोजिमको बजेट तथा तर्जुमा समितिले तयार गरेको नीति तथा कार्यक्रम स्वीकृतका लागि पेश हुन आएको प्रस्ताव स्वीकृत गर्ने र सो नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्ने। |
| ४. | प्रशासन शाखा | **<u>तपसिलका कार्यविधि स्वीकृत गर्ने</u>**<br>क) अपिहिमाल गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८०<br>ख) अपिहिमाल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०<br>ग) अपिहिमाल गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०८०<br>घ) अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०। |
| ५. | शिक्षा युवा तथा खेलकुद शाखा | गाउँपालिका स्तरीय शिक्षा समितिबाट गठन भएको शिक्षक दरबन्दी मिलान कार्यदलले तयार गरेको गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको दरबन्दी मिलान सम्बन्धी प्रतिवेदन स्वीकृतका लागि पेश हुन आएको प्रतिवेदन स्वीकृत गर्ने र प्रतिवेदनमा उल्लेखित सुझाबका आधारमा शिक्षक दरबन्दी मिलान लगायतको कार्य गर्न शिक्षा यूवा तथा खेलकूद शाखालाई निर्देशन दिने। |
| ६. | प्रशासन शाखा | यस गाउँपालिका कार्यालयबाट मिति २०८०/०२/२० गते वडा नं. ६ को आधारभूत स्वास्थ्य सेवा केन्द्रमा रिक्त रहेको अ.हे.व. पदपूर्तिका लागि गरिएको विज्ञापनलाई सहमती तथा स्वीकृति दिने। |
| ७. | प्रशासन शाखा | जिल्ला मालपोत कार्यालयबाट प्राप्त हुन आएको च.नं. ९८२ मिति २०८०/ ०२/ १४ गते को |

ईन्द्र बहादुर रावल
प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल | पत्रानुसार आगामी आर्थिक वर्षका लागि गाउँपालिका क्षेत्र भित्रको जगाको मूल्यांकन साविकै कायम हुने गरी गाउँपालिकाको कार्यालयलाई पत्राचार गर्न निर्देशन र स्वीकृति दिने । |
| ८. | स्वास्थ्य शाखा | गाउँपालिकामा पेश हुन आएका ३५ जना दिर्घ रोगी तथा आर्थिक अवस्था कमजोर भएका लाभग्राहीहरुलाई अपिहिमाल गाउँपालिका आर्थिक सहायता कार्यविधि २०७५ अनुसार आपतकालिन आर्थिक सहायता कोष, टेलि हेल्थ कार्यक्रम र दीर्घरोगीहरुलाई औषधी खरिद शीर्षकबाट आर्थिक सहायता उपलब्ध गराउन गाउँपालिकाको कार्यालयलाई निर्देशन र स्वीकृति दिने । |
| ९. | प्रशासन शाखा | यस गाँउपालिकाको कार्यालय तथा मातहतका सबै निकायबाट हुने पत्र व्यवहारमा सबै भन्दा माथि स्थानीय सरकार त्यसको तल अपिहिमाल गाउँपालिका त्यस पछि तल गाउँ कार्यपालिकाको कार्यालय त्यसको तल खण्डेश्वरी, दार्चुला लेखिएको र वायाँ किनारापछि नेपाल सरकारको लोगो भएको अंग्रेजी र नेपालीको छुट्टा- छुट्टै लेटरप्याड प्रयोग गर्न गाउँपालिकाको कार्यालयलाई स्वीकृति तथा निर्देशन दिने । |
| १०. | पूर्वाधार विकास / योजना शाखा | यस पालिकाको निर्माणाधिन प्रशासकीय भवन (ठेक्का नं. ०९-७७/०७८) को निर्माण कर्ता रविना/ प्रशंसा एलवी एण्ड एवी जे.भि. धनगढी कैलालीले निर्माण कार्यको समयावधि (म्याद थप) सम्बन्धी परिमाजित कार्यतालिका सहित निवेदन पेश गरेको हुँदा निज जे.भि. को २०८० भदौ ३० गते सम्म म्याद थप गर्ने । |
| ११. | पूर्वाधार विकास / योजना शाखा | सिद्धमकरीकोट देखि खण्डेश्वरी अपिवेशक्याम्प पर्यटकीय पदमार्ग (ठेक्का नं. ०७-०७७/०७८/NEB/AHRM/ को निर्माणकर्ता Dhulikhel L.B and A.B.JV ले म्याद थपका लागि निवेदन पेश गरेकोमा सो पदमार्गको म्याद थप गर्दा गाउँपालिकाको कार्यालयलाई आर्थिक दायित्व बढ्ने तथा संघीय सरकारको अनुदान आगामी आर्थिक वर्षमा प्राप्त नहुने हुँदा म्याद थप नगर्ने । |
| १२. | पूर्वाधार विकास / योजना शाखा | नेपाल सरकारको समपुरक अनुदानबाट निर्माणधिन रहेको पर्यटकीय पि.सि.सि. बाटो वडा नं. ४ (ठेक्का नं. ०३-०७९/०८०/MKTPPCW/NCW/AHRM) बाट बचेको बजेट नेपाल सरकाको समपुरक अनुदान कार्यान्वयन नियमानुसार सिद्धमकरीकोट सिडिबाटोमा लगाइएको रेलिङहरुमा पेन्टिङ, खानेपानी पाइप मर्मत तथा शौचालयहरुको मर्मत प्राविधिक इष्टिमेट तयार गरी कार्यान्वयन गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन र स्वीकृति दिने । |
| १३. | न्यायिक समितिको सचिवालय | जिल्ला अदालत दार्चुलाबाट यस गाउँपालिकाको न्यायिक समितिको निरीक्षणमा आउनु हुने जिल्ला न्यायाधीशज्यूको उपस्थितिमा न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरुका |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी,दार्चुला सुदूरपश्चिम प्रदेश,नेपाल | लागि क्षमता विकास कार्यक्रम गर्न न्यायिक समितिको सचिवालयलाई स्वीकृति तथा निर्देशन दिने। |
| १४. | कृषि विकास/ पशुपंछी विकास शाखा | चालु आर्थिक वर्ष २०७९/०८० स्वीकृत बजेट तथा कार्यक्रम अनुसार गाउँपालिकाको कृषि विकास शाखाले खरिद गरेको कृषि औजार तथा उपकरण सामग्रीहरु तपसिल बमोजिम वितरण गर्ने कृषि विकास शाखालाई निर्देशन दिने।<br><br>तपसिलः<br>१- प्लाष्टिक पाईप- प्रतिवडा ५ रिङ<br>२- चिप्स मेसिन- ३ र ४ नं. वडा कार्यालयलाई<br>३- प्लाष्टिक सिलर मेसिन- ३ र ४ नं. वडा कार्यालयलाई<br>४- दाते- प्रति वडा २ वटा<br>५- सिकेचर- प्रतिवडा २ वटा<br>६- एन्टीहेलनेट- कृषि शाखा। |
| १५. | कृषि विकास/ पशुपंछी विकास शाखा | यस गाउँपालिकामा पशु चौपायहरुमा महामारीको रुपमा फैलिएको लम्पी स्कीन रोग नियन्त्रणका लागि औषधिको व्यवस्थापन गर्नुपर्ने भएकाले सोका लागि नेपाल सरकारको विशेष अनुदान अन्तरगत एक वडा एक उत्पादन कार्यक्रमको महामारी नियन्त्रणका लागि अति आवश्यक औषधि को व्यवस्थापन गरी महामारी नियन्त्रण गर्न पशुपंछी शाखालाई निर्देशन दिने। |
| १६. | पूर्वाधार विकास/ योजना शाखा | यस गाउँपालिकको वडा नं. ४ मा रहेको श्री तामाखानी भगवती आ.वि. चौविसनमा विद्यार्थीहरुको लागि कक्षाकोठा अभाव भएकाले विद्यालयमा रहेका भवन पाटिशन गर्न आवश्यक बजेट उपलब्ध गराइदिन भनि विद्यालयको निवेदन पेश हुन आएकोले सो पाटिशन प्राविधिक इस्टमेट गरी आवश्यक पर्ने रकम विविध शीर्षकबाट भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| १७. | प्रशासन शाखा | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १०७ मिति २०८०।०२।१७ गतेको प्राप्त पत्र बमोजिम यस गाउँपालिकाको वडा विभाजन र सिमाना हेरफेर गर्न मिति २०७९/०५/०२ गते मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली पठाइएको र स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिमका प्रक्रिया पुरा नभएको हुँदा स्थानीय सरकार संचालन ऐन,२०७४ बमोजिमका प्रक्रिया पुरा गरी पुनः पठाउन गाउँपालिका कार्यालयलाई निर्देशन तथा स्वीकृति दिने। |
| १८ | पूर्वाधार विकास/ योजना शाखा | आर्थिक वर्ष २०७५/७६ देखि निर्माणाधिन रहेको मज्जेखोला लघु जलविद्युत आयोजनाका लागि गाउँ सभाबाट चालु आर्थिक वर्ष २०७९/०८० मा बजेट विनियोजन भएकोमा सो को भुक्तानी |

इन्द्र बहादुर रावल
...अधिकृत

| | | |
|---|---|---|
| | अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय खण्डेश्वरी, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल | कार्यस्थलमा काम गरेको दोहोरो नहुने गरी प्राविधिक प्रतिवेदन, प्राविधिक मूल्यांकन स्थलगत सर्जमिन मुचुल्का, गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन तथा भुक्तानी सिफारिसका आधारमा भुक्तानी दिन गाउँपालिकाको कार्यालयलाई निर्देशन र स्वीकृति दिने । |

इन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत